लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.)

☎ : ०७८-५२०१२६,५२०१०६
email : akcnawalparasi@gmail.com
website:akcnawalparasi.lumbini.gov.np

# कार्यक्रम सञ्चालनका लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशन भएको मिति: २०८३।०६।०१)

कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प)को चालु आ.व.२०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल अनुसारका कार्यक्रमहरूमा सहभागी हुन इच्छुक आवेदकहरूले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०८३।०६।३१ गते सम्म) यस केन्द्रमा तपसिल अनुसारका कागजातहरू सहित केन्द्रले निर्धारण गरेको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका कागजात संलग्न राखि निवेदन पेश गर्नुहुन सम्बन्धित सबै (कृषक समूह/कृषि सहकारी/कृषक उद्यमी/ फर्म/कम्पनी) को जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, सञ्चालन कार्यविधि कृषि ज्ञान केन्द्रको वेबसाइट (akcnawalparasi.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

तपशिलः

| क.सं | कार्यक्रमको नाम | संचालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| १ | सिंचाई सहित कृषि विकास कार्यक्रम | •सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, मोटर, पाइप, ड्रिप तथा स्प्रिङ्कलर, पम्पसेट लगायतका सिंचाई सामग्री खरिद, •सिंचाईकुलो/पोखरी, बोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार। •स्यालो ट्यूबवेल जडान | •फर्म/ कम्पनी/ कृषकसमूह/ कृषिसहकारी /जल उपभोक्ता समिति सहभागी हुन सक्ने । • फर्म/कम्पनीको हकमा न्यूनतम १० कठ्ठा र सामुदायिकको हकमा २.५ हेक्टर सिंचित क्षेत्र विस्तार गर्नु पर्ने । • यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने। • लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने। | नवलपरासी (ब.सु.प.) | •स्वीकृत कार्यविधि बमोजिम हुने |
| २ | रैथाने बाली तथा स्थानीय जातका बालीवस्तु प्रवर्द्धन कार्यक्रम | खाद्यान्न, दलहन, तेलहन, फलफूल, आलु, तरकारी, मसलाजन्य रैथाने तथा स्थानीय जातका बाली तथा वस्तुको उत्पादन, सङ्कलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण (सिंचाइ मोटर, पम्पसेट, मिनि टिलर र पावर टिलर बाहेक)। | बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी हुनुपर्ने। | नवलपरासी (ब.सु.प.) | स्वीकृत कार्यविधि बमोजिम हुने |
| ३ | युवा लक्षित कृषि उत्पादन उद्यमशीलता/ कार्यक्रम | कृषि मूल्य श्रृंखला विकासका क्रियाकलापहरु तथा नवप्रवर्तन योजना र कृषिसँग सम्बन्धित सीपको उपयोग योजना। | १८ वर्षदेखि ४० वर्षका युवा सहभागी हुन सक्ने, कृषि मूल्य श्रृंखला विकास नवप्रवर्तन/योजना / कृषिसँग सम्बन्धित सीपको उपयोग सम्बन्धी ,प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने | नवलपरासी (ब.सु.प.) | स्वीकृत कार्यविधि बमोजिम हुने |

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.)

☎ : ०७८-५२०१२६,५२०१०१
email : akcnawalparasi@gmail.com
website:akcnawalparasi.lumbini.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्यालयले गठित प्राविधिक समिति मार्फत प्राप्त प्रस्तावहरुमध्ये उपयुक्त प्रस्ताव छनोट गर्नुपर्ने। | | |
| ४ | स्कूल हर्टिकल्चर कार्यक्रम | अभिमूखीकरण/तालिम/जनचेतना अभिवृद्धी<br>विद्यार्थीलाई श्रमसँग जोड्ने क्रियाकलापहरु जस्तैप्राङ्गारिक : मल प्रदर्शनी, तरकारी खेती प्रदर्शन, प्लाष्टिक गुमोज, बिरुवा रोपण, बगैंचा स्थापना, च्याउ आदीसँग सम्बन्धित उत्पादन समाग्री र उपकरणहरु,<br>कार्यालयले क्षेत्र बिस्तार वा आधुनिकीकरणका लागि अघिल्लो आर्थिक वर्षमा सञ्चालन गरेको कार्यक्रमलाई समेत निरन्तरता दिन सकिने,<br>विद्यालयले सञ्चालित कार्यक्रमको उपलब्धिमूलक प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्ने। | कार्यालयले कम्तिमा माध्यमिक तहसम्म अध्यापन गराउने उपयूक्त सरकारी विद्यालयहरु छनोट गरी कार्यक्रम संचालन गर्नुपर्ने,<br>विद्यालय छनोटका लागि उपलब्ध क्षेत्रफल, स्रोत तथा प्राविधिक उपयूक्ततालाई आधार लिने। | नवलपरासी (ब.सु.प.) | स्वीकृत कार्यविधि बमोजिम हुने |
| ५ | कृषि उपज बजारीकरण सामग्रीमा सहयोग कार्यक्रम | स्वदेशी/स्थानीय उत्पादनको सङ्कलन, प्याकेजिङ, ग्रेडिङ र बजारीकरण सामग्रीमा सहयोग बजारीकरण सामग्री (तराजु, क्रेट, बोराप्याकेजिङ सामग्री ,, प्याकेजिङ मेसिन लगायत) बजार सूचनासँग सम्बन्धित क्रियाकलापहरु बजार मूल्य ) सूचना प्रवाह/डिस्प्ले, डिजिटल भुक्तानी प्रणाली, बजार तथ्याङ्क व्यवस्थापन | कृषि फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारीबजार समिति सहभागि हुन सक्ने/ व्यावसायिक रुपमा स्थानीय स्तरमा कृषि उपज उत्पादन गरी वा स्वदेशी/स्थानीय उत्पादन सङ्कलन, ग्रेडिङ तथा प्राथमिक प्रशोधन गरिरहेका कृषि फर्म /कम्पनी/कृषक समुह/कृषि सहकारीबजार समितिले आवेदन दिन सक्ने/ सामुहिक रुपमा सञ्चालित व्यवसायलाई प्राथमिकता दिन सकिने। | नवलपरासी (ब.सु.प.) | स्वीकृत कार्यविधि बमोजिम हुने |

प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. प्रस्तावकको निवेदन। (उपलब्ध ढाँचा बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी।।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार। (उपलब्ध ढाँचा बमोजिम) ।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

☎ : ०७८-५२०१२६,५२०१०६
email : akcnawalparasi@gmail.com
website:akcnawalparasi.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, नवलपरासी (ब.सु.प.)

७. दोहोरो अनुदान नलिएको स्वःघोषणा। (उपलब्ध ढाँचा बमोजिम)।
८. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (कृषक समूह/कृषि सहकारी)।
९. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
११. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भौडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र।

<u>पुनश्च:</u> कार्यक्रम संचालन कार्यविधिमा कुनै किसिमको संशोधन भएमा वा बजेटमा हेरफेर भएमा सोही बमोजिम कार्यक्रम संचालन हुनेछ। साथै माथि उल्लेखित सूचना तथा आवेदकको नमुना ढाँचा कार्यालयको वेभसाईट akcnawalparasi.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ। सो सम्बन्धमा थप जानकारीको लागि कार्यालयको टेलिफोन नं. ०७८-५२०१२६ र ९८५७०४७४५९ मा सम्पर्क गर्न सकिने छ।